महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रदेश नं १ र प्रदेश नं २ लेखापरीक्षण महानिर्देशनालय

अ.छा.वे.
पत्र संख्याः ०७६।७७
च.नं. २९

मितिः २०७७।१२।२२

विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
छिन्नमस्ता गाउँपालिका,
सप्तरी।

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७६।०७७ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०७७।१२।०७ मा छलफल पश्चात् तयार गरिएको पाना ६० (साठ्ठी) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा ३५ दिनभित्र फछ्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फछ्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरु समावेश गरी लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु।

.....
नन्दीराम भट्टराई
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाडौं। - प्रतिवेदन संलग्न छ।

श्री जिल्ला समन्वय समिति,
राजविराज, सप्तरी। - प्रतिवेदन संलग्न छ ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
राजविराज, सप्तरी। - प्रतिवेदन संलग्न छ ।

कार्यालयको नामः **छिन्नमस्ता गाउँपालिका, ससरी।**

आ.व. २०७६।७७

पदाधिकारी		अवधि		बेरुजु रकम
		देखि	सम्म	
कार्यालय प्रमुख	प्र.प्र.अ. श्री कुन्दन कुमार कर्ण	२०७६/०४/०१	२०७६/१०/०६	११,९१,५६,०९६.९५
	प्र.प्र.अ. श्री खेम राज थापा	२०७७/०१/०२	२०७७/०३/३१	
लेखा प्रमुख	ले.पा. श्री भरत दास	२०७६/०४/०१	२०७७/०३/३१	

आर्थिक विवरण

आय तर्फ		व्यय तर्फ	
आय विवरण	यस वर्षको यथार्थ आय रु.	व्यय शिर्षक	यस वर्षको यथार्थ व्यय रु.
गत वर्षको जिम्मेवारी		चालु खर्च तर्फ	
बैक	९७९७६८५१.६४	वित्तिय समानिकरण	१९८३९६५३.००
धरौटी रकम मौज्दात	१२०२३७.००	राजश्व बाँडफाँड	५४११२५३०.७३
विपद व्यवस्थापन	२००२३६७.००	आन्तरिक स्रोत	२७६०४११.००
राजश्व बाँडफाँड	०	सशर्त अनुदान चालु	८९५३५१७४.४७
आन्तरिक राजश्व	६३८६९१.६३	पुँजिगत खर्च तर्फ	०
संघीय सरकार	४६७५९८७६.६२	वित्तिय समानिकरण	८३२२९२२.००
प्रदेश सरकार	४२७४३७२.००	आन्तरिक स्रोत	२३२४८७१६.००
मालपोत कार्यालय	१९४३२३२.००	गत आ.व.को कोलेनी फिर्ता	१५०००.००
मालपोत कार्याल	१५९५५६४.००	प्रदेश सरकार कोरोना चालु	१०००००.००
वित्तिय हस्तान्तरण	०	विषयगत निकायबाट प्राप्त रकम	०
संघीय समनिकरण	११६९५७०००.००	सामाजिक सुरक्षा रकम	७६६६५२००.००
सशर्त अनुदान	१२९६६२०००.००	बहुक्षेत्रिय पोषण कार्यक्रम	५५२७९५.००
प्रदेश वित्तिय अनुदान	०	राष्ट्रिय परिचयपत्र (चालु)	४५७४००.६२
प्रदेश समनिकरण	७१५७०००.००	पर्यटन पूर्वाधार विकास आयोजना	२५००००.००
प्रदेश सशर्त अनुदान	५०००००.००	कोरोना खर्च गा.पा. तर्फ	२७४६०५२७.३४
प्रदेश कोरोना	१०००००.००	छोरी बचाउ छोरी पढाउ	०
विषयगत निकायबाट प्राप्त रकम	०	विपत तथा जलबायु कोष	१५१५४९९.००
सामाजिक सुरक्षा रकम	७६६६५२००.००	बाँकी खुद बैक मौज्दात रकम	१८९१२८१५२.५०
बहुक्षेत्रिय पोषण कार्यक्रम	५५२७९५.००		०
राष्ट्रिय परिचयपत्र (चालु)	४५७४००.६२		०
पर्यटन पूर्वाधार विकास आयोजना	२५००००.००		०
छोरी बचाउ छोरी पढाउ	५०००.००		०
पि.एल.जि.सि.डि.पी	५१८९३०.००		०
पोषण कार्यक्रम	२०००.००		०
आन्तरिक स्रोत	५२३०६४.००		०
धरौटी आम्दानी	८७४४००.००		०
कुल जम्मा	४९७,२४८,९८१.५१	कुल जम्मा	४९७,२४८,९८१.६६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस छिन्नमस्ता गाउँपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ। यस छिन्नमस्ता गाउँपालिका अन्तर्गत ७ वडा, ३९ सभा सदस्य, ३१ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार ३५ जनसंख्या रहेको छ।	
	ले.प.को क्रममा असूलीः आ.व.०७६/७७ मा गएको पेश्की रु.११,००,०००.०० नगदै दाखिला गरेको बैक भौचर पेश भएको छ।	
	• **वित्तीय विवरण विश्लेषण**	
१.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.१२२६८६.९२ ले फरक देखिएको छ। • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन। • गत आ.व.०७५/७६ को शुरुमा स्रेस्ता अनुसार संचित कोषको मौज्दात रु.९,७९,७६,८५१.६४ र बैंक अनुसारको मौज्दात रु.१०,५२,६४,६२९.७५ भै फरक रु.७२,८७,७७८.११ छ। थप आम्दानी बाँधी हिसाब मिलान हुनुपर्नेमा नभएकोले हिसाब मिलान हुनुपर्ने रु. • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात	७२,८७,७७८.११

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	ऋणात्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
२.	**बैक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण स्रेस्ता भन्दा बैक बढी देखिएको रु.१,२२,६८६.९२ बैक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ।	

सि.नं	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	पूँजिगत खाता	१०५७७६१७.००	१०६५७५८४.००	७९६६७.००
२	कोरोना कोष	२६४७२.६६	४८७३१.५८	२२२५८.९२
३	विपद व्यवस्थापन कोष	४८६८६८.००	५०७६२९.००	२०७६१.००
			जम्मा	१२२,६८६.९२

३.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन । • पालिकाले २०७६।७७ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • स्थानिय सरकार सञ्चालन ऐन २०७४ बमोजिम प्रत्येक बर्ष आषाढ १०	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	भित्र बजेट पेश गर्नुपर्नेमा यस पालिकाले २०७६/१०/०३ मा मात्र बजेट पेश गरेको छ। • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रन्सफर गर्नुपर्नमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि चालु खर्च खातामा रु.२७००१७०.३६, पुजीगत खर्च खातामा रु.१०६५७२८४.०० समेत गरी रु.१३३५७४५४.३६ मौज्दात रहेको पाईयो। • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन । • स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन । • दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन । • स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	पालिकाले उक्त समिति गठन गरेको पाईएन । • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो । • वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन । • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस नगरेको पाइयो। • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	• संस्था दर्ता ऐन, २०३४ दफा ३ पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • पालिकाले आयोजना।कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन । • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि प्राविधिकतर्फ ९ र प्रशासनिकतर्फ ७ समेत १६ कर्मचारीको दरबन्दी स्वीकृत भएकोमा क्रमशः ३ र ३ समेत ६ पदपूर्ती भएकोले कार्यलय सञ्चालनमा कर्मचारीको अभाव रहेको पाईयो। • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन। • निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन। • निजामती सेवा ऐन, २०४९ को दफा ७ख२ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.३६५२०५११.७३ खर्च लेखेको पाईयो। • संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाँउ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	हालसम्म १६ कार्यविधि १६ निर्देशिका समेत ३२ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ। तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
४.	**भवन नक्सा पासः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम पालिका क्षेत्रमा नक्सा पास नगराई घर निर्माण गर्न नपाइने व्यवस्था छ। पालिका भित्र बनिरहेका सम्पूर्ण घरहरुलाई करको दायरामा ल्याई नक्सा पास पछि मात्र घर बनाउने इजाजत पर्ने व्यवस्था छ। पालिकाले नक्सा पासको लागि अनुरोध भई आएका घरजग्गाको मात्र नक्सा पास गर्ने गरेको देखियो। निर्माण इजाजत नलिई बनाइराखेका भवनहरुको निगरानी र अनुगमन बढाई नक्सा पास गराउन प्रोत्साहित गरी राजस्व बृद्धि गर्नेतर्फ आवश्यक पहल गर्नुपर्दछ।	
	• **योजना तर्जुमा, बजेट तथा कार्यक्रम**	
५.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री उषा कुमारी मण्डलले २०७६।१०।०३ गते रु.४५ करोड ७६ लाख २९ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७६।१०।०३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०१।१४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ।	
६.	**अख्तियारी बेगर खर्चः** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानिय तहले आय व्ययको अनुमान असार १० गते भित्र पेश गर्ने र असार मसान्त भित्र पारित गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र प्रमुखले प्रशासकिय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले ०७६/१०/०३ मा मात्र बजेट पास गरी प्रमुखले ०७७/०१/१४ मा मात्र प्रशासकिय अधिकृतलाई अख्तियारी प्रदान	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

गरेको छ। तर पालिकाले बजेट पास तथा अख्तियारी बेगर २०७७/१/१३ सम्म तलब, भत्ता लगायत अन्य खर्च गरेको देखिन्छ। यसरी खर्च गर्न ऐन विपरित देखिन्छ।

बजेट शिर्षक	२०७७/१/१३ सम्म भएको खर्च	कैफियत
संघीय ह.कार्यक्रम चालु	४५०१६७८९.१२	शिक्षक तथा अन्य कर्मचारीको तलब
गा.पा.शिक्षा पुँजिगत	७०००.००	विविध खर्चको भुक्तानी
गा.पा.चालु	९२३१५४०.५०	तलब भत्ता,विविध खर्च,बैठक भत्ता
जम्मा	५४,३१८,३२९.६२	

७. **चौमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सि.नं.	पूँजीगत खर्च शीर्षक	कुल खर्च	चौमासिक खर्च (रु.हजारमा)			आषाढ महिनाको मात्र खर्च
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेसो चौमासिक	
१	विभिन्न	३१५७१	०	०	३१५७१	२५१२६
	कूल खर्चः	३१५७१	०	०	३१५७१	२५१२६
	खर्च प्रतिशत	१००	०	०	१००	७९.५८

८. बिनियोजनभन्दा **वढी खर्च** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा कार्यपालिकाबाट स्वीकृत गराई असार १० भित्र सभामा पेश गर्नुपर्ने, आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण खुलाउनुपर्ने उल्लेख छ। तर यस पालिकाले देहाय अनुसारको शिर्षकमा विनियोजन गरेभन्दा रु.९२०९१.०० बढी खर्च गरेको अनियमित देखिएको रु. ९२,०९१.००

शीर्षक	विनियोजित रकम	खर्च भएको रकम	बढी खर्च भएको रकम
वरहीको दलित टोलमा अधुरो सडक आर.सि.सि.	१५०००.००	२४२०९१.००	९२०९१.००

निर्धारित बजेटको सिमा नाघि खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
बजेट र खर्च- स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति सार रहेको देखिन्छ।	

(रु.हजारमा)

मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
विकास	२१७१७	५४१६	२६.७८
क्षेत्र	११०६८७	९३६३४	८४.५९
विकास क्षेत्र	१८८८६१	३१८६९	१६.८७
तथा विपद् व्यवस्थापन			
विकास र सेवा प्रवाह			
व्यवस्थापन र सुशासन	३८२७	३७५०	९८.००
चालन तथा प्रशासनिक खर्च	८८७५६	६२७४७	७०.०७
जम्मा	४१३८४९	१९७८१९	४७.७९

त विवरण विश्लेषणबाट निम्नानुसार देखिएको छः

षणः पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.११६१७५५.६३ बाँडफाँड र अनुदानबाट रु.३९५११३३७०.४२ समेत २७५१२६.०५आम्दानी भएकोमा चालु तर्फ रु.२७६५४९८२९.१५ त तर्फ रु.३१५७१०००.०० समेत रु.३०८१२०८२९.१९ खर्च छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३८ प्रतिशत रहेको छ। पदाधिकारी सुबिधामा रु.१४६६०००.०० खर्च भएको छ जुन क आयको १२६.१९ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै र राजस्व बाँडफाँडको रकमबाट ६९.७८ प्रतिशत चालु र ७.९६ त्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाहरुले निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व को रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन छ।

तथा कर्मचारी ब्यवस्थापन

करार - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा पन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा ट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	सृजना गर्न नसकिने व्यवस्था छ। तर पालिकाले विभिन्न पदमा २१ जना कर्मचारीहरु करारमा राखी रु.६१३७४३०.०० खर्च लेखेको छ। त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न पदमा २१ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५३५२१००.०० भुक्तानी गरेको अनियमित देखिएको रु.	५३,५२,१००.००
११.	**न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी १२ र यो बर्ष थप भएको ५० गरी कुल ६२ विवाद दर्ता भएकोमा २२ वटा मात्र फछ्यौंट भई ४० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।	
१२.	**आन्तरिक लेखापरीक्षण** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७६।७७ को आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।	
	• **पदाधिकारी सुविधा**	
१३.	**पदाधिकारी अन्य सुविधा** - २ नं. प्रदेश अन्तर्गत स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाका सम्वन्धि ऐन, २०७७ को दफा ५ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले संचार सुविधा वापत मोबाईलको रिचार्ज पत्रपत्रिका र ईन्टरनेट सुविधा मात्र पाउने उल्लेख छ। तर पदाधिकारीहरुलाई मोबाईल खरिद वापतको रकम भुक्तानी दिन मिल्ने देखिदैन्। तर्‍ पालिकाले ११ थान मोवाईल खरिद गरि जनप्रतिनिधिहरुलाई वितरण गरेको अनियमित रु.	२,३१,५८०.००
१४.	**खाना तथा विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष खाना तथा विविधतर्फ मात्र रु.१४९९८४१.०० खर्च गरेको छ ।यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।	
	• अनुदान प्राप्ति, वितरण र फिर्ता	
१५.	अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन। खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु	

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	१२९६६२०००.००	८९५३५१७४.४७	४०१२६८२५.५३
प्रदेश सरकार	शसर्त	५०००००.००	०	५०००००.००
	जम्मा	१३४,६६२,०००.००	८९,५३५,१७४.४७	४५,१२६,८२५.५३

४,५१,२६,८२५.५६

	• कर दस्तुर एवं आन्तरिक आय	
१६.	असुली गर्न बाँकी आन्तरिक आय - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तर्गत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्का बाट असुल गर्न बाँकी लगत राखेको छैन। उठ्न बाँकी रहेको रकमको आयगत लगत समेत तयार गरेको छैन। जसबाट उठ्नुपर्ने राजस्वको समष्टिगत लगत तयार गरी वास्तविक प्राप्तीको अभिलेख तयार गर्नुपर्ने र सोही अनुसार आयको लेखाङ्कन गरी उल्लिखित रकम सम्झौताअनुसारको व्याज तथा हर्जना समेत यकिन गरी असुल गर्नुपर्दछ।	
१७.	कर तथा शुल्क असुली - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।	

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति	०	०	०

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>कर र घरजग्गा कर</td><td></td><td></td><td></td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>५०००.००</td><td>७५०००.००</td><td>१५०</td></tr>
<tr><td>व्यवसाय कर</td><td>५०००.००</td><td>५०००.००</td><td>१००</td></tr>
<tr><td>वहाल विरौटी शुल्क</td><td>२०००.००</td><td>०</td><td>०</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।</td><td></td></tr>
<tr><td></td><td>• आयकर एवं मू.अ.कर</td><td></td></tr>
<tr><td>१८.</td><td>भुक्तानीमा कर - आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने रु.१६,२९८.०० अग्रिम कर कट्टी गरेको छैन। तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td><u>गा.पा.पूजिगत</u> १०-०७७/३/३१</td><td>सन्तोष कुमार रायलाई पूर्ण सरसफाई सम्बन्धि कार्यक्रम बापत भुक्तानी रु.७५०००/</td><td>प्रशिक्षक भत्ता, अनुगमन प्रतिवेदन रु.१४०००.</td><td>१५ प्रतिशत</td><td>२१००.०</td></tr>
<tr><td></td><td></td><td>अन्य भुक्तानी रु.३६०००.</td><td>१.५ प्रतिशत</td><td>५४०.०</td></tr>
<tr><td><u>संघ सशर्त चालु</u> ४४-०७७/३/२२</td><td>रामदत्त पंडितलाई तेस्रो चौमासिक गोष्ठी वापत भुक्तानी रु.१४६००.०</td><td>प्रशिक्षण भत्ता रु.८८००.०</td><td>१५ प्रतिशत</td><td>१३२०.०</td></tr>
<tr><td>४४-०७७/३/२२</td><td>मदनेश्वर प्रसाद चौधरीको कार्यक्रमको पे.फ</td><td>विभिन्न</td><td>विभिन्न</td><td>२०२५.०</td></tr>
<tr><td><u>गा.पा.चालु</u> २७१-०७७/३/३१</td><td>एच पी ईन्टरप्राईजेज</td><td>६८७५००.००</td><td>१.५ प्रतिशत</td><td>१०३१३.०</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१६,२९८.००</td></tr>
</table>
</td><td>१६,२९८.००</td></tr>
<tr><td>१९.</td><td>मूल्य अभिवृद्धि कर कट्टी - आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ५० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ५० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ५० प्रतिशत रकम रु.४,२५,९००.०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ।</td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा						वेरुजू रकम
	गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	५० प्रतिशत रकम	
	संघ सशर्त शिक्षा ६४-०७७/३/३१	बाबा सप्लायर्स	३०१९७४०७३	९६९८८२.७५	१२६०८४.०	६३०४२.०	
	गा.पा.पूँजिगत राज कन्ट्रक्सन प्रा.लि		६०६८५३३०३	४२८६७२.२१	५५७२७.०	२७८६३.०	
	६-०७७/२/२६	पुण्य कन्ट्रक्सन	३००२६७२६८	२९७९१९.००	३८७२९.०	१९३६४.०	
	८-०७७/२/२७	मधेशा निर्माण सेवा	३०२७४२९९८	२१३१९०.००	२७७१४.०	१३८५७.०	
	५१-०७७/३/२४	रुपकला कन्ट्रक्सन	६०७५२१०७४	३४३३३७.००	४४६३३.०	२२३१६.०	
	५२-०७७/३/२४	स्वस्तिका एस.के. निर्माण सेवा	६०६५९६८९७	३००३३२.००	३९०४३.०	१९५२१.०	
	५३-०७७/३/२४	सिंहेश्वर निर्माण सेवा	६०६५५१७४५	३४३३३८.००	४४६३४.०	२२३१७.०	
	कोभिड-१९ ९-०७७/१/३१	आर.के.ईन्टरप्राईजेज	६१०९६५५९३	४४१६२५.००	५७४११.०	२८७०५.०	
	२५-०७७/२/२७	गोविन्द जेनेरल स्टोर	३००३५३२११	३३१४०८०.००	४१७८३०.०	२०८९१५.०	
			जम्मा	६,६५२,३७५.९६	८५१,८०५.००	४२५,९००.००	
	तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु.						४,२५,९००.००
२०.	नन्फाइलर - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ४,८४,३६६.०० समेत रु.४५२८५६१.०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।						
	गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम		
	कोभिड-१९ ६७-०७७/३/३१	आदित्य ट्रेर्डस	३०४३२९८४९	४४२४५०.०	५७५१९.०		
	६८-०७७/३/३१	देव एण्ड सन्स	६०८४९६४२७	४४१७६०.०	५७४२८.०		
	न्यायिक समिति १२-०७७/३/३१	जय माँ काली	६०१२५६३९६	३५३७७५.०	४५९९०.०		
	गा.पा.चालु ९३/०७७/२/२९	एकता ट्रेडर्स एण्ड सप्लायर्स	६०३१५९५८१	६५७८९.००	७५६९.००		
	१०९/०७७/३/७	अलि अटो वर्कशप	६१२८७८४९५	२२५६९९.००	२५९६५.००		

भौ.नं., मिति र व्यहोरा					बेरुजू रकम
७/३/१	उपसर्ग टेक्नोलोजि	६०३५००९९६	७०००.००	८६५३.००	
७/३/३	लक्कि ट्रेडर्स	६०८२९५२९३	१९९३३२.००	२२९३२.००	
७/३/३	लक्कि ट्रेडर्स	६०८२९५२९३	२९८९९०.००	३४३९०.००	
७/३/३	लक्कि ट्रेडर्स	६०८२९५२९३	३९९७९४.००	४५९९४.००	
७/३/३	अलि अटो पार्टस	६१२८७८४९५	१६९७८२.००	१९५३२.००	
७/३/३	दिपक ट्रेडर्स एण्ड सप्लायर्स	६००३४९१६७	२२०७३४.००	२५३९४.००	
७/३/३	दिपट्रेडर्स एण्ड सप्लायर्स	६०३१५९७९०	१५७४८०.००	१८११७.००	
७//३/	शिवम ट्रेडिग विजिनेस हाउस	६०४७७५३६४	४९९४०३.००	५७४५३.००	
७/३/३	जय मां कालि डिष्ट्रीव्यूटर्स	६०१२५६३९६	४९९२०७.००	५७४३०.००	
		जम्मा	४,०४४,१९५.००	४८४,३६६.००	

व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण नुपर्ने रु. ४,८४,३६६.००

भोक्ता समिति मार्फत कार्य

का समितिमार्फत निर्माण कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ को ९७ मा रु.१ करोड सम्मको श्रममूलक कामहरु उपभोक्ता समिति गराउन सक्ने र सो गराउँदा आवश्यक प्रकृया पुऱ्याउनुपर्ने उल्लेख छ। बन्धमा देखिएको व्यहोरा यस प्रकार छनः

का समिति दर्ताः संस्था दर्ता ऐन, २०३४ दफा ३ अुनसार कुनै पनि बिधान सहित दर्ता नभएमा संस्थालाई कानूनी मान्यता दिन मिल्ने । कार्यालयले यस वर्ष सम्झौता गरेका कुनैपनि उपभोक्ता समिति ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुनेगरी दर्ता नभई स्थानीय रुपमा नालाई बजेट परेको आधारमा अस्थाई समिति गठन हुने र काम सम्पन्न समिति विघटन हुने हुँदा निर्माण सम्पन्न योजनाहरु अलपत्र भएमा ार बनाउन कठिनाइ हुने भएकोले स्थायी सयन्त्रमार्फत काम गर्ने गरी का समितिको कार्यमा सुधार हुनुपर्दछ ।

कासँग सम्झौताः- सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ म (२) बमोजिमको प्रस्ताव वा निवेदन प्राप्त भएपछि सम्बन्धित निक निकाय र त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायले कतानुसार छलफल, वार्ता वा निर्माण स्थलको भ्रमण गरी त्यस्तो काम ाका सम्बन्धमा खरिद सम्झौता गर्नु पर्नेछ। त्यस्तो सम्झौतामा देहायको

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	कुराहरू उल्लेख गर्नु पर्नेछ। निर्माण कार्य वा सेवाको प्रकृति, परिमाण, लागत अनुमान, उपभोक्ता समिति वा लाभग्राही समुदायले व्यहोर्ने वा व्यहोर्नु पर्ने रकम, कार्य वा सेवा सम्पन्न गर्नु पर्ने अवधि हुनुपर्ने उल्लेख छ। पालीकाले उपभोक्ता समितिसँगको योजनाको बिल भरपाई राखि खर्च लेख्दा सम्झौता मिति, योगदान, सम्पन्न गर्नुपर्ने मिति, पालीकाको बजेट तथा उपभोक्ता समितिको जनश्रमदान को बारेमा उल्लेख नगरी केबल बिलभरपाईहरु संलग्न गरि खर्च लेखेको छ। जसबाट उल्लेखित कुराहरु प्रति यकिन हुन सक्ने अवस्था भएन।	
२४.	**सामाजिक/सार्बजनिक परीक्षण तथा सुनुवाई:-** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ मा स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन हुने कार्य मितव्ययी एबं दक्षतापुर्बक सँचालन गर्न अनुगमन एबं सार्वजनिक एबं सामाजिक परीक्षण तथा सुनुवाई जस्ता कार्यक्रम सँचालन गर्नुपर्ने उल्लेख छ। पालीकाले संचालित योजनाहरुको अनुगमन गर्ने कार्य गरेता पनि केही योजनाको मात्र सार्वजनिक एबं सामाजिक परीक्षण कार्य संचालन गरेको देखियो। सबै योजनाको अनुगमन, सामाजिक तथा सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई को व्यबस्था गरि बित्तिय पारदर्शिता र जबाफ देहिताको पालना गर्नुपर्दछ ।	
२५.	**आयोजना हस्तान्तरण:** सार्बजनिक खरिद नियमाबली,२०६४ को नियम ९७ (१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ। यो बर्ष उपभोक्ता समितिबाट सम्पन्न गरेको कुनै पनि आयोजना नियमाबलीको व्यबस्था बमोजिम हस्तान्तरण गरेको देखिएन।जसबाट सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षण हुन नसकि लगानी खेर जान सक्ने देखिन्छ। अत: सम्पन्न आयोजनहरु सम्बन्धित उपभोक्ता समिति मार्फत नै कार्यान्वयन, संचालन, मर्मत र स्वामित्व ग्रहण गर्ने व्यवस्था सम्झौतामै उल्लेख गर्ने व्यवस्था गरी उपभोक्ता समिति मार्फत काम गराउनु पर्दछ ।	
२६.	**कामको गुणस्तर एवं स्थलगत निरीक्षण:-** पालिकाले यसवर्ष अधिकांस निर्माण कार्य उपभोक्ता समितिबाट गराएको छ। यसरी गरिएका निर्माण कार्यको अनुगमन स्थानिय सरकार संचालन ऐन,२०७४ को दफा ७८(३) अनुसार पालिकाको प्रमुख, उपप्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले गर्ने व्यबस्था छ। सो अनुसार नगरपालिकाले के कति योजनाहरु अनुगमन गर्यो सोको विस्तृत विवरण तयार गरेको देखिएन। यस पालिकाबाट उपभोक्ता समिति मार्फत निर्माण सम्पन्न भएका बाटो, कल्भट, भवन, नाली जस्ता निर्माण कार्यको भुक्तानी गर्दा उपप्रमुख	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	एवं वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति गठन गरी अनुगमन गर्ने र अनुगमनको सिफारिस पश्चात भुक्तानी दिने गरेको छ। अनुगमन प्रतिबेदनमा निर्माण कार्यको बिस्तृत बिबरणमा उल्लेख नहुँदा अनुगमन वास्तबिक भन्दा प्रकृयामुखि मात्र भएको छैन भन्न सकिएन। अतः कामको गुणस्तर कायम नभएमा सोको जिम्मेवारी सम्बन्धित प्राविधिक एवं अनुगमन कर्तालाई बनाइ निर्माण कार्यको गुणस्तर कायम हुनुपर्दछ ।	
२७.	हेभी इक्विपमेण्टको **प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :	

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
३६-०७७/३/७	छिन्नमस्ता खा.पा.तथा स.सफाई उ.स.	खानेपानी ट्यांकी	३७७६०७.०	जे.सि.वि.	४३०३२.०
४०-०७७/३/८	वरहीको चौधरी ईनार देखि पश्चिम स्थान पोखरी हुँदै इटहरी मा.वि.सम्म बाटो पुर्ने र ह्यूमपाइप जडान उ.स.	बाटो निर्माण	१०६७२३१.०	जे.सि.वि.	४१५९२४.७४
४१-०७७/३/२८	वरहीको थान पोखरी डिलमा खेल मैदान निर्माण उ.स.	खेलमैदान	२६८०३२.०	जे.सि.वि.	३४३५४.३०
		जम्मा	१,७१२,८७०.०		४९३,३११.०४

नियमावलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

२८.	**जटिलसंरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् : गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम ७-०७७/२/२६ | राम जानकी मन्दिर निर्माण उ.स | मन्दिर निर्माण | ९६९५२९.९२ ४३-०७७/३/२२ | भौगाछि कर्ल्भट निर्माण उ.स. | कल्भर्ट निर्माण | ९४९७९०.०० ४५-०७७/३/२२ | सामुदायिक भवन निर्माण उ.स. | सामुदायिक भवन निर्माण वार्ड नं ४ | ८४७८२६.०० जम्मा | २,७६७,१४५.९२ नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।	
२९.	**औषधी खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर पालिकाले तिनवटा दररेट माग गरी उक्त प्रक्रियावेगर रु.१४४८७१८.०० का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः	
२९.१.	खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,	
२९.२.	आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,	
२९.३.	आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।	
२९.४.	औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,	
२९.५.	औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने	

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको ।	
	तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।	
३०.	**रकम ढिला दाखिला गर्ने** - आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था छ । स्थानीय तह अन्तरगतका वडाहरुले कतिपय मासिक रुपमा र कतिपयले २, ३ महिना पछि मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानु पर्दछ ।	
३१.	**रसीद नियन्त्रण खाता:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्दछ। पालिकाले राजश्व असूलीमा प्रयोग हुने रसिद को छपाई एवं गत विगतको बाँकी र यो वर्ष खर्च भई आगामी वर्षको लागि जिम्मेवारी सारेको तथा वडाहरुमा पठाएको रसिदको आम्दानी खर्च (उपयोग) खुल्ने अभिलेख रसीद नियन्त्रण खाता नराखेकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। यो आ.व.मा कति नगदि र मालपोत रसिद ठेली छपाई गरेको थियो अघिल्लो आ.व. का बाँकी कति ठेली रसिद थिए र यो आ.व.मा कति प्रयोग भयो भन्ने सम्बन्धमा एकिन गर्न सकिएन। तसर्थ: आम्दानी जस्तो संवेदनशिल विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ।	
३२.	**नगद दाखिला नगरेको:** आर्थिक कार्यविधि नियमित तथा ब्यबस्थित गर्न बनेको ऐन २०७४ को दफा १३ मा जिम्मेवार ब्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदको हकमा सोहि दिन वा भोलिपल्ट तोकिएको बैक खातामा दाखिला गरी श्रेस्ताखडा गनुपर्ने ब्यबस्था छ। त्यस्तै सोहि दफामा १० दिनसम्म ढिलो गरेको भए दश प्रतिशत १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिबाना गरी दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिला गरेको भए २५ प्रतिशत जरीवाना गरी नगद दाखिला गर्न लगाइ कसुरको मात्रा अनुसार निजमाथि विभागीय कारवाही सम्म गर्न सक्ने ब्यबस्था छ। तर वडा नं.२ को रसिद ठेलि परिक्षणको क्रममा यस आ.व.मा नगदी र मालपोत दस्तुर समेत	

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>जम्मा रु.४७६१५.६३ आम्दानी भएकोमा बैक दाखिला रु.४७२१९.६३ भएको देखिन्छ। बैक दाखिला हुन बाँकी रकम रु.३९६.००सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाई असुल गरी दाखिला हुनुपर्ने रु.</td><td>३९६.००</td></tr>
<tr><td></td><td>सामाजिक सुरक्षातर्फ</td><td></td></tr>
<tr><td>३३.</td><td>सामाजिक सुरक्षातर्फ- सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी एउटै चौमासिकमा एकै व्यक्तिको नाममा दोहोरो निकासा हुने गरी दोहोरो निकासा हुने, खर्च लेखेको, ५ वर्ष उमेर पुगेका लाभग्राहीको लगत कट्टा नहुने जस्ता समस्या देखिएका छन। यस सम्बन्ध देखिएका व्यहोरा निम्न छनः</td><td></td></tr>
<tr><td>३३.१.</td><td>बढी भत्ता वितरणः दलित बालबालिका भत्ता वितरण गर्दा देहायका वडाहरुमा बढी भत्ता वितरण भएकोले लाभग्राही अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>जन्ममिति</th><th>वडा नं.</th><th>वितरण</th><th>वितरण हुनुपर्ने</th><th>बढी वितरण भएको</th></tr>
<tr><td><u>प्रथम</u> चौमासिक</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>सरस्वती कुमारी खंग</td><td>०७६/८/१६</td><td>१</td><td>१६००.००</td><td>०</td><td>१६००.००</td></tr>
<tr><td>खुश्बु कुमारी खंग</td><td>०७६/९/२७</td><td></td><td>१६००.००</td><td>०</td><td>१६००.००</td></tr>
<tr><td>बबिता कुमारी खंग</td><td>०७६/६/६</td><td>३</td><td>१६००.००</td><td>८००.००</td><td>८००.००</td></tr>
<tr><td>गहेन्द्र प्रसाद रजक</td><td>०७१/४/२५</td><td>५</td><td>१६००.००</td><td>४००.००</td><td>१२००.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>६,४००.००</td><td>१,२००.००</td><td>५,२००.००</td></tr>
</table></td><td>५,२००.००</td></tr>
<tr><td>३३.२.</td><td>दोहोरो भत्ता वितरणः दलित बालबालिका भत्ता वितरण गर्दा देहायका वडाहरुमा दोहोरो भत्ता वितरण भएकोले लाभग्राही अद्यावधिक गरी निम्नानुसार बढी खर्च लेखेको रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>नाम</th><th>जन्म मिति</th><th>वडा नं.</th><th>जन्मदर्ता नं.</th><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th></tr>
<tr><td>सिमा कुमारी राम</td><td>०७६/१/२</td><td>१</td><td>१०००२८</td><td>१६००.००</td><td>-</td></tr>
<tr><td>विकि राम</td><td>०७२/५/२७</td><td rowspan="2">३</td><td>३३९</td><td>१६००.००</td><td>-</td></tr>
<tr><td>सुमित कुमार राम</td><td>०७२/३/१</td><td>४४६</td><td>१६००.००</td><td>१६००.००</td></tr>
</table></td><td>९,६००.००</td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा						बेरुजू रकम
	सरस्वती कुमारी खंग	०७४/६/१		१०५	१६००.००	-	
	शिवानी कुमारी खंग	०७४/११/२४		२१४	१६००.००	-	
				जम्मा	८,०००.००	१६००.००	
३३.३.	**भरपाईमा सहि छाप नभएको:** वडा नं. १ को प्रथम चौमासिकमा दलित बालबालिकाको भत्ता वितरण गर्दा कैलाश कुमार राम र लक्ष्मी कुमारी रामको वितरणको भरपाईमा सहि छाप नभएको रु.						३,२००.००
	विपद् व्यवस्थापन						
३४.	**समिति गठन-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ। पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको छ। ऐनमा तोकिएबमोजिम तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ।						
३५.	**कार्य योजना -** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरे पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ।						
